# अमरगढी नगरपालिकाको आ.व.२०७७/७८ को वार्षिक नीति तथा कार्यक्रमहरु

नगर सभा सदस्यहरु, एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरु,

सम्पूर्ण विश्वनै कोभिड-१९ (कोरना भाईरस )महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थामा पनि संघीय तथा प्रदेश सरकारको नीतिलाई मार्गदर्शन को रुपमा लिइ अमरगढी नगरपालिकाको नगर सभामा वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाँउदा गौरवान्वित महसुस गरेको छु।

१. सम्पुर्ण विश्व नै कोभिड- १९ (कोरोना भाइरस) महामारीको चपेटामा परिरहेको चुनौतिपुर्ण अबस्थामा छ। लाखौ मानिस को ज्यान गइसकेको छ भने लाखौ अझै संक्रमित छन्। यस महामारीबाट संक्रमित भइ नेपाल भित्र र बाहिर जीवन गुमाउनुहुने नेपाली तथा अन्य मित्र राष्ट्र का नागरिकहरुका शोकाकुल परिवार प्रति गहिरो समबेदना व्यक्त गर्दछु। साथै उपचाररत सम्पुर्ण दाजुभाई दिदिबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

२. कोभिड-१९ ले सबै मुलुकको अर्थ व्यवस्थामाथि गम्भीर धक्का पुर्‍याउनुका साथै विश्व पर्यटन तथा आवागमनमा अबरुद्ध भएको छ। उद्यम ब्यवसाय प्राय वन्द अबस्थामा छन्। उत्पादन वितरण प्रणाली गम्भीर रुपमा प्रभावित भएको छ। लाखौको रोजगारी गुमेको छ। दिगो विकासको लक्ष्य प्राप्तीमा ठुलो व्यवधान खडा भएको छ। सो को प्रभाव यस नगरपालिकामा समेत पर्न गएको छ।

३. आज सारा विश्व यस साझा तथा अदृष्य दुश्मनका विरुद्ध कठिन युद्ध लडिरहेको छ। मानवजाती ले जित्नै पर्ने यो युद्ध कहिले र कसरी समाप्त होला भन्ने भय, चिन्ता र अन्यौल व्याप्त छ। यतिवेला हामी नगरबासिबीच ऐक्यवद्धता, सहकार्य, प्रेम र सकारात्मक आशा हुन जरुरी छ।

४. अमरगढी नगरपालिकाले अबलम्बन गरेको स्पष्ट रणनीति, समन्वयात्मक कार्यशैली एवं सबै नगरबासी को एकता,धैर्यता र सहयोगले हालसम्म सबै नगरबासी को जीवन रक्षा गर्न हामी सफल भएका छौ। संक्रमण थप फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकाले एकढिक्का भएर लाग्न म सबैमा आह्वान गर्दछु। यस संकटपूर्ण घडिमा अग्रपंतिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, चालक लगायत राष्ट्रसेवकहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

उपस्थित महानुभावहरु,

५. नेपाल सरकारले नेपाली जनतासंग गरेको प्रतिवद्धता अनुरुप **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्न दीर्घ अठोटका साथ हामीहरु पनि अघि बढ्नु जरुरी छ।

६. कोभिड -१९ रोकथाम तथा नियन्त्रणमा लागि नगरपालिका शुरु देखि नै क्रियाशीलछ। नगरपालिकाले आन्तरिक स्रोत परिचालनका लागि छुट्टैकोषको व्यवस्था गरि सरकारी ,निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम सोकोषमा जम्मा हुने र खर्च हुने व्यवस्था मिलाएको छ। बन्दाबन्दीको अवस्थामा नगरपालिकाको संयन्त्र मार्फत् समेत औषधी खाद्य वस्तु लगायतका अतिआवश्यक उपभोग्य वस्तुको सहज आपुर्ति हुने व्यवस्था गरिएको छ।

७. महामारी र बन्दाबन्दीबाट प्रभावित उद्योग व्यवसायीहरुलाई लक्षित गरि सहुलियतका व्यवस्थाहरु गरिएको छ। गरिव,असहाय,तथा विपन्न परिवार,दैनिक ज्याला मजदुरी गरि जीवनयापन गर्ने तथा बन्दाबन्दी र कोभिड-१९ ले निम्ताएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरि सम्वन्धित वडा कार्यालयहरु मार्फत् राहत वितरण गरिएको छ।

८. स्थानीय तहको निर्वाचन पश्चात् मुलुकमा स्थिरता र स्थायित्व कायम भएको छ। संविधान पूर्णतः कार्यान्वयनमा स्थानिय तह को महत्वपुर्ण भुमिका रहेको छ। नागरिकका मौलिक हक,आधारभुत स्वतन्त्रता सामाजिक संरक्षण एवं सामाजिक न्याय, विकास निमार्ण, सुशासन प्रबर्द्धन तथा संघीयता कार्यान्वयनका लागि आवश्यक महत्वपूर्ण कानूनहरु जारी भएकाले कार्यान्वयनमा हाम्रो पूर्ण प्रतिवद्धता हुन जरुरी छ।

उपस्थित महानुभावहरु,

९. निश्चित समयावधि भित्रै दिगो विकासका लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नती गर्ने नेपाल सरकारको लक्ष्य हासिल गर्न आवश्यक रणनीति अवलम्वन गरिने छ।

१०. कृषि उत्पाकत्व १० वर्षमा दोब्बर गर्न कृषिको आधुनिकीकरण र व्यवसायिकरणको योजना सहित कृषिपूर्वाधारमा ठुलो मात्रामा लगानी गर्न नेपाल सरकारको लक्ष्य पुरा गर्ने थप नीति अवलम्वन गरिने छ।

११. नेपाललाई कोभिड १९ महामारी मुक्त देश बनाउनु नेपाल सरकारको पहिलो प्राथमिकता भएकाले सरकारले अख्तियार गरेका रणनितिलाई पूर्ण पालना गर्ने गराइने छ।

उपस्थित महानुभावहरु,

१२. नेपाल सरकारले गुणस्तरीय स्वास्थ्य,शिक्षा,खानेपानी तथा सरसफाई सेवामा सबै नेपालीहरुको समतामुलक पहुँच सुनिश्चत गर्ने नीतिलाई यस नगरपालिकाले अवलम्वन गरि उपलव्ध स्रोतसाधनहरुको समुचित र न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाउने छ।

१३. निरोगी नेपाल निर्माण सरकारको मुल स्वास्थ्य नीति भएको हुँदा प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रबर्द्धन गरि नेपालीको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्न विभिन्न कार्यक्रमहरुसञ्चालन गर्नुका साथै आवश्यक रणनीति अवलम्वन गरिने छ। साथै पोषिलो खाना, शुद्दपानी चर्पी प्रयोग र साबुन पानीले हात धुने नीति लागू गरिनेछ।

१४. सबै वडाहरुलाई **पूर्णखोप सेवा उपलव्ध वडा** घोषणा गर्ने नेपाल सरकारको नीतिलाई अवलम्वन गरि यस नगरपालिकाका सबै वडामा पूर्ण खोप सेवा उपलव्ध गराइने छ।

१५. आधारभुत स्वास्थ्य सेवा उपलव्ध गराउन स्थापना भएका आधारभुत स्वास्थ्य केन्द्रको सेवाको गुणस्तर बृद्धि गरिने छ।

१६. प्रसुति सेवालाई गुणस्तरिय बनाउन वर्थिङ्ग सेन्टरहरु को सुधार गरिनु का साथै सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर विस्तार गर्न आवश्यक पहल गरिने छ। गर्भवति र सुत्केरी जाँच घरमा र प्रसुति स्वास्थ्य संस्थामा गर्ने नीति अवलम्वन हुने छ।

१७. सुनौला १००० दिनका आमाहरु र शिशुलाई पोषणका लागि आवश्यक व्यवस्था मिलाईने छ। बहुक्षेत्रिय पोषण कार्यक्रम लाई एकद्धार प्रणाली मा ल्याईनेछ।अमरगढी वहुक्षेत्रीय समन्वय कार्यक्रम (AMCP)लागु गरिनेछ।

१८. मानसिक स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थामा सञ्चालन गरिने छ। हरेक स्वास्थ्य संस्थाम इ-रिपोर्टको प्रवन्ध मिलाईने छ। साथै स्वास्थ्य बीमा कार्यक्रमलाई विशेष महत्वका साथ अगाडी बढाइने छ।

१९. नगर क्षेत्रभित्रका अव्यवस्थीत औषधी पसलहरु, क्लिनिकहरु र निजी अस्पतालको स्थापना तथा नविकरण प्रकृयालाई व्यवस्थित गरिने छ। नियमन र अनुगमनलाई प्रभावकारी बनाई कानून विपरित सञ्चालन भएकालाई कारवाहिको दायरामा ल्याइने छ।

२० . नगरक्षेत्रका स्वास्थ्य संस्थामा कम्तिमा हप्ताको एक दिन चिकित्सक पुर्याउने लक्ष्य लिइने छ।

२१. उच्च रक्तचाप,मधुमेह,क्यान्सर,दम,कलेजो, महिलाको पाठेघर सम्वन्धी रोगको समस्या भएकालाई र जेष्ठनागरिक उपचार अन्तरगत ८० वर्ष पुगेका जेष्ठ नागरिकलाई घरमै निशुल्क सेवा दिइने नीतिलाइ निरन्तरता दिइने छ।

२२. नेपाल सरकारबाट घोषणा गरिएका निःशुल्क औषधीहरु सहजरुपमा प्रत्येक स्वास्थ्य संस्थाबाट नगरवासीको पहुँचमा पुर्याउने व्यवस्था गरिने छ।

२३. देशभरि फैलिएको कोभिड १९ बाट नगरवासीलाई सुरक्षित बनाउनका लागि क्वारेन्टाइन व्यवस्थापन र प्रमाणित तथाशंकास्पद व्यक्तिको चेकजाँचलाई थप प्रभावकारी वनाईनेछ।

उपस्थित महानुभावहरु,

२४. नेपाल सरकारद्वारा लिइएको शैक्षिक नीति अनुरूप सञ्चालन हुने **"चिनौँ आफ्नो माटो बनाऔँ आफ्नै देश", "बालबालिकालाई विद्यालयमा ल्याऊ र पढाइमा टिकाऊ", "सार्वजनिक विद्यालय सबलीकरण अभियान"** लाई अमरगढी नगरपालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२५. नगरपालिकास्तरमा नगर शिक्षा योजनाको निर्माण गरिनेछ साथै विद्यालय स्तरमा विद्यालय सुधार योजनालाई थप यथार्थपरक बनाइ प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ। विद्यालय स्तरमा वार्षिक रुपमा वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम गरी वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ।

२६. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै उत्कृष्ट विद्यार्थी एवम् शिक्षकहरू, न्यून पारिश्रमिकमा कार्यरत सामुदायिक विद्यालयका कर्मचारी र बालविकास शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ। विद्यालय स्तरमा खेलसम्बन्धी गतिविधिलाई प्रभावकारी बनाउन नगरपालिकाका प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा खेल शिक्षकहरूको पहिचान गरी उनीहरूको लागि खेलकुद सम्बन्धी आधारभूत सीप एवम् क्षमता विकास गरिनेछ।

२७. नगरक्षेत्रमा सञ्चालित संस्थागत विद्यालय तथा विभिन्न निजी क्षेत्रका शैक्षिक संस्था एवम् इन्स्टिच्यूटहरूलाई मापदण्ड बनाइ नियमन गर्दै लगिनेछ। सामुदायिक विद्यालयहरूलाई भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा समायोजन र शिक्षक दरबन्दी मिलानको कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

२८. "पाठ्यक्रमको स्थानीयकरणः शिक्षामा रुपान्तरण" अभियानअन्तर्गत प्राथमिक तहका कक्षाहरूमा यसै वर्षदेखि "हाम्रो अमरगढी" नामक स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रारम्भ गरिनेछ र स्थानीय पाठ्यक्रम अनुरूपका स्रोत सामग्री र पाठ्यसामग्रीहरू उत्पादन एवम् वितरण गरिनेछ ।

२९. विद्यालय शिक्षामा विद्यार्थी जिम्मेवार पद्धति (Student Assignment System) लाई विद्यार्थी मूल्याङ्कन पद्धतिको अङ्गका रुपमा निरन्तरताका साथै थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

३०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिइने छ । आधुनिक पूर्वाधारहरूको विकास गर्दै विद्यालयहरूलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ । प्राविधिक तथा गुरुकुल शिक्षाको स्थापना र प्रबर्द्धन गरिनेछ ।उग्रतारा वेदविद्याश्रमलाई भौतिक पूर्वाधार र जनशक्ति सम्पन्न बनाईने छ ।

३१. विपन्न वर्गका बालबालिकाहरुलाई विज्ञान विषय र प्राविधिक शिक्षामा पहुँच बढाउन छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ । यसका लागि अमरगढी शैक्षिक छात्रवृत्ति कोष स्थापना गरी परिचालन गरिनेछ र उक्त कोषमा संस्थागत विद्यालयबाट मासिक प्रति विद्यार्थी रु.२ (दुई) का दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।

३२. "हाम्रो दायीत्त्वः शिक्षामा अभिभावकत्त्व" को भावना जगाइ सामुदायिक विद्यालयमा अभिभावक सहभागिता बृद्धि गर्न अभिभावक सम्मान एवम् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनीतिज्ञहरुलाई सामुदायिक विद्यालयमा छोराछोरीहरु भर्ना गर्न अभिप्रेरित गरिने छ ।

उपस्थित महानुभावहरु,

३३. दक्ष श्रमिक,कामको सम्मान,स्वरोजगार,उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन गर्न नेपाल सरकारको प्रमुख श्रम नीतिलाई अवलम्वन गरिने छ ।

३४. प्रर्याप्त आन्तरिक रोजगारी भई नसकेको अवस्थामा कोभिड-१९ को विश्वव्यापी महामारीले स्वदेशको रोजगारी संकुचित हुने र बैदेशिक रोजगारमा रहेका नेपालीहरु फर्किने सम्भावित परिस्थितीले वेरोजगारको संख्या बढ्ने जोखिमलाई न्यूनिकरण गरि व्यवसायिक कृषि, वृहत् भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार,लघु घरेलु तथा साना उद्योग, उत्पादनमुलक उद्योग,निर्माण सेवा क्षेत्र परिचालन गर्न संघ र प्रदेशसरकारसंग साझेदारी गरिने छ ।

३५. नगरभीत्रका सबै श्रमिकलाई एकै ठाउमा जोड्नका लागि श्रमिक बैक स्थापना गरिनेछ । बैक मा जोडिएका श्रमिकले आफुले चाहे अनुसारको रोजगारी छनौट गर्न पाउनुका साथै उनीहरुलाइ आवश्यक सीप प्रदान गर्न विभिन्न व्यवशायीक तालीम संचालन गरिनेछ ।वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप, अनुभव, र रुचीको अभिलेख बनाइ नगरभित्र सिर्जना हुने कामका अवसरमा जोडिनेछ ।

३६. नव प्रवर्द्धनकारी यूवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारवाट फर्केका अनुभवी तथा सिपयुक्त उद्यमी यूवाहरुलाई उद्योग व्यवसाय शुरु गर्न शुरुवाती पुँजी उपलव्ध गराउने नेपाल सरकारको नीतिसंग समन्वय गरिने छ ।

३७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपयुक्त,दक्षजनशक्ति,रोजगारीको क्षेत्रर रोजगार सम्वन्धी अन्य कार्यक्रमहरुसंग आबद्धगरी यथार्थ,उत्पादनमुलक रोजगार सृजना गर्न वेरोजगार लक्षित अभियानको कार्यान्वयन का साथै युवा रोजगारिका लागि रुपान्तरण **पहल आयोजना** संचालन गर्ने नेपाल सरकारको नीति संग साझेदारी गरिने छ ।

३८. अब नेपालमा गरिविको कारणले **कोहि भोकै पर्दैन भोकले कोही मर्दैन** भन्ने नीतिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

उपस्थित महानुभावहरु

३९. कृषि तथा पशुपालन पेशालाई व्यवसायिक र यान्त्रिकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिवि निवारणमा योगदान पुग्ने गरि समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ। पशु तथा बाली बीमामा कृषकहरुलाई प्रेरित गर्नुका साथै नगरपालिकाबाट समेत बजेट व्यवस्था गरि जोखिम न्यूनिकरणमा जोड दिइनेछ।

४०. संघीय सरकारले अघि सारेको सदुपयोगको सिद्धान्त अन्तर्गत यस अमरगढी नगर क्षेत्र भित्रका सबै खाले जमिनलाई खेर जान नदिने र कृषियोग्य भुमिको पूर्ण उपयोग गरि सघन खेती प्रणालिका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ। कृषि पेशालाई सम्मानित र प्रतिष्ठित पेशाका रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि **सर्वोत्कृष्ट र उत्कृष्ट कृषक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ।

४१. व्यवसायिक गाई, भैसी फर्म; बंगुर फर्म; बाख्रा फर्म; विकास र विस्तारका लागि लागत सहभागितामा अनुदान दिने नीति अवलम्बन गरिने छ। उन्नत जातका पशु आयातमा जोड दिदै लोप भइरहेका स्थानीय पशु प्रजातिहरुको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिइने छ र उन्नत जातका पशुपालनमा विशेष सहुलियत प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

४२. लोपोन्मुख खाद्यान्न बाली विशेष किसिमका कार्यक्रम कोदो, फापर, काकुन, मुसुरो, धान लगायतका बाली संरक्षण गरिने छ। High value crops र One Village One Product कार्यक्रमको व्यवसायीकरण गरिनेछ। कृषि बाली संरक्षणका लागि वन्यजन्तुबाट हुने हानी नोक्सानीको नियन्त्रणका लागि पहल गरिनेछ।

४३. आगामी आर्थिक वर्षमा नेपाल सरकारले कृषी क्षेत्रमा थप आधुनिकीकरण एवं यान्त्रिकरण र विशिष्टीकरण गरि उत्पादकत्व तथा उत्पादनवृद्धिमा जोड दिई **स्वदेशी वस्तुको उपभोग गरौं आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं** अभियान सञ्चालन गर्ने नीति तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना संग समन्वय र साझेदारी गरिने छ।

४४. कृषि उत्पादन,प्रशोधनर वेचविखनका सम्वन्धमा नेपाल सरकारवाट उपलव्ध गराइने सहुलियत र प्राविधिक सेवा\टेवाको प्रबन्ध गर्न हरेक किसानलाई सूचिकरण गर्ने नेपाल सरकारको नीतिमा साझेदारी गरिने छ।

४५. कृषियोग्य भूमीको नियमित माटो परिक्षण गर्न माटो परिक्षण प्रयोगशाला बिस्तार गरिने छ। कृषकलाई माटोको प्रकार,गुणस्तर,हावापानी अनुकुल खेती गर्न उचित मात्रामा मल,बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलव्ध गराईने छ।

४६. नश्ल सुधारका कार्यक्रम सञ्चालन गरि उन्नत नश्लको व्यवसायिक पशुपंक्षी पालन गर्न कृषकलाई प्रोत्साहन गरिने छ। पोषण युक्तपशुआहरको प्रवर्द्धन गरिने छ। पशुपालनका लागि घाँसखेती, बृहत् चरिचरन विकास गरिने छ।

४७. पशुजन्य उत्पादनको गुणस्तर, नियन्त्रण तथा नियमन गरि वजार व्यवस्थापनमा सहजिकरण गरिने छ। गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिने छ। पशुरोग विरुद्ध खोपका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

४८. जलवायु परिवर्तन, रोगको प्रकोप,एवं प्राकृतिक बिपत्तिबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्नआवश्यक पहल गरिने छ । पशुपंक्षी तथा बालि बीमाको विस्तार र जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरि लगानी सुरक्षण गर्न संघ र प्रदेशका सरकार संग समन्वय गरिने छ ।

उपस्थित महानुभावहरु,

४९. जमीनको भूउपयोग, आय आर्जन तथा जीवीकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरि कृषि वनको विस्तार गरिने छ ।

५०. दिगो वैज्ञानिक वन व्यवस्थापन र वनजन्य उद्यम विकास गर्न **समृद्धिका लागि वन** कार्यक्रम कार्यान्वियनमा साझेदारि गरिनेछ ।

५१. नमूना जलवायु परिवर्तन अनुकुलन कार्यक्रम तर्जुमा गरि कार्यान्वियन गर्न नेपाल सरकारको नीतिमा साझेदारी गरिने छ ।

५२. जैविक विविधता संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम संचालन गरिने छ । वातावरण र विकासबीच सन्तुलन कायम हुने गरि विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिने छ ।

५३. सरकारी सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाई संरक्षण र उपयोग गर्न समुदायको समन्वय,सकृयता र जागरण मा सरकारी सार्वजनिक गुठी जग्गाको संरक्षण अभियानलाई थप प्रभावकारी बनाईने छ ।

उपस्थित महानुभावहरु,

५४. स्थानीय उत्पादनका लागि बजार सुनिश्चितता गर्दै वातावरणमैत्री उद्योग स्थापनामा जोड दिने नीति अवलम्बन गरिने छ ।

५५. निजी क्षेत्रसंग को साझेदारीमा साना तथा मझौला उद्योग स्थापनामा राजश्व सहुलियत गर्ने नीतिलाई प्राथमिकता दिईनेछ । नगर क्षेत्रमा संचालित उद्योग तथा व्यवसायिक फर्महरुको अनिवार्य दर्ता नविकरण कार्यलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

५६. सरकारको **उद्यमशीलता,रोजगारी र उत्पादन वृद्धिः हुन्छ नेपालको सम्वृद्धि**को नीतिलाईअवलम्बन गरि उपलव्ध स्रोत साधन,पुँजी,सिप एवं प्रविधिको अधिकतम उपयोगवाट औधोगिक उत्पाकत्व र उत्पादन वृद्धि गर्ने गरि उद्योग क्षेत्रका कार्यक्रमहरु संचालन गरिने छ ।

५७. स्थानीय श्रम,सिप,स्रोत तथा साधन प्रयोग गरि एकीकृत रुपमा उद्योग व्यवसायीको विकास गर्न औद्योगिक ग्राम स्थापना गर्ने कार्यको थालनी भईसकेको सन्दभ मा सो कार्यलाइ प्राथमिकताका साथअगाडी बढाइनेछ ।

५८. नगरपालिकामा **एक वडा एक उद्योग**को नीतिलाई कार्यान्वयन गरि हाल सिर्जित वेरोजगारिको समस्या न्यूनिकरण गरिनेछ।

५९. स्थानिय उत्पादन, हस्तकला आदिको प्रचार, प्रसार र बजारीकरणमा सहयोग पुर्याउने उद्देश्यले नीजीक्षेत्र संगको सहकार्यमा उपयतुक्त स्थानमा एक कोशेली घर को स्थापना गरिनेछ।

६०. नगरपालिका भित्रका सहकारी र वित्तीय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ।

६१. स्थानीय उत्पादन बृद्धि, रोजगारी सृजना र गरिवि न्युनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिने छ। उद्देश्य र कार्यक्षेत्रको विश्लेषणका आधारमा सहकारी संस्थालाई एकआपसमा गाभिन प्रोत्साहन गर्ने सरकारको नीतिलाई कडाईका साथ लागु गरिने छ।

६२. सहकारी संस्थालाइ घरेलु तथा साना उद्यमको प्रवर्धन, कृषी उत्पादन, भण्डारण तथा प्रशोधन एवं गरिबी निवारण सम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिनेछ। सहाकारीको माध्यमबाट कृषी सामाग्री, पुँजी, प्रविधि र बजारमा कृषक को सहज पँहुच सुनिश्चित गरिनेछ।

६३. नयाँ स्थापना हुने वित्तीय संस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था गरिनेछ। वित्तीय संस्थामा **एक परिवार एक खाता** नीति अनिवार्य रुपमा अवलम्बन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ।

उपस्थित महानुभावहरु,

६४. परम्परागत लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न **डोटेली संग्रहालय** स्थापना गर्न आवश्यक पहल गरिनेछ। ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइनेछ। किल्लालाई ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकास गर्न गुरुयोजना निर्माण गरि कार्यान्वयन मा ल्याइनेछ।

६५. ऐतिहासिक धार्मिक एवं पर्यटकिय स्थलहरु, उग्रतारा मन्दिर, घटालस्थान, रावलतोली गुफा, सहश्रलिङ्ग धुरा, कोलटुक्रा दरवार, हटगाउँ, र काडेकोटमा रहेका देवल, कश्यालेक, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग, असिग्राम, भुमिराज, समैजी, बैजनाथ, कैलपाल जस्ता शक्तिपीठ को संरक्षण र प्रचारप्रसारमा जोड दिइने छ।

६६. शहिद भिमदत्त पन्तको जन्मथलो अमरगढी २ लाई **शहिद भिमदत्त आदर्श बस्ती**का रुपमा विकास गर्दै भिमदत्त होमस्टेविकास गरी सञ्चालन गरिनेछ।

६७. सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ शुरु भएको नेपाल भ्रमण वर्ष संगै **घुम्न जाऔं अमरगढी** कार्यक्रम कोभिड-१९ का कारण हाललाई स्थगित भएता पनि आन्तरिक पर्यटन प्रवर्धनको कार्यलाइ भने निरन्तरता दिइनेछ।

उपस्थित महानुभावहरु,

६८. नगर भित्रका सबै वडामा **एक घर एक धारा** नीतिलाई कार्यान्वयन गरि खानेपानीको पहुँच वृद्धि गरिनेछ। सरसफाईको लागि टोल समितिलाई प्रभावकारी बनाई निरन्तरता दिईनेछ। खानेपानी तथा सरसफाई समितिलाई अझ बढी उत्तरदायी बनाईनेछ।

६९. फोहोरमैला व्यवस्थापनमा संलग्न जनशक्तिको उत्प्रेरणा बढाउन जोड दिई फोहोरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई पुरस्कार र दण्ड जरिवानालाई प्रभावकारी बनाइने छ। फोहोरलाई मोहरमा परिणत गर्ने नीतिलाई निरन्तरता दिइने छ। फोहोर वर्गिकरण गरी व्यवस्थापन गर्न (3R) Reduce , Recycle , Reuse को नीति लागु गरिनेछ।

७०. शहरी क्षेत्रमा सार्वजनिक शौचालयको संख्या थप गरि सर्वसुलभ एवं व्यवस्थित गरिनेछ।

७१.आयोजना व्यवस्थापनलाई सुदृढ बनाई विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्नगरिने छ। हाल सञ्चालनमा रहेका कार्यक्रम र आयोजनाहरुको आवश्यकता अनुसार पुनःसंरचना तथा पुनः प्राथमिकरण गरिने छ। उपस्थित महानुभावहरु,

७२. अत्यावश्यक पूर्वाधारको अभाब रहेको स्थानहरुमा नयाँ पुर्वाधार निर्माण गरिनेछ। विद्यमान पुर्वाधारहरुको क्षमता बिस्तार, गुणस्तर बृद्धि, स्तरवृद्धि एवं समयानुकुल मर्मत सम्भार गरिने छ।

७३. स्थानीय पुर्वाधार निर्माणको गुरुयोजना तयार गर्नुका साथै नगरपालिका भित्रका सडकहरुको **MTMP** अध्यावधिक गरिने छ।

७४. नगरपालिका भएर जाने सबै लोकमार्गको सीमाङ्कन गरि अनावश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिनेछ।

७५. निजी क्षेत्रको सहकार्यमा **नगर बस** सञ्चालन गरिनेछ। वडा नं. १ ढुन्ढुनेमा बजार भरिका ग्यारेज व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ।

७६. डकले, सल्लाघारी र आईत जिलोडासडकलाई **अमरगढी गौरव आयोजना**का रुपमा अगाडी बढाइनेछ। डकलेमा**सुविधा सम्पन्न बसपार्क** निर्माण गर्ने कार्यलाई द्रुतगतिमा अगाडी बढाइनेछ। बागबजारमा भएको बसपार्कको उचित व्यवस्थापन गर्दै **बस स्टेण्ड**को रुपमा विकास गर्न पहल गरिने छ।

७७. अधुरा योजनाहरुलाई क्रमागत रुपमा अगाडी बढाई निर्माण सम्पन्न गर्ने नीति अगाडी बढाइनेछ।

७८. ठाउँठाउँमा पोखरी निर्माण गरि भुमिगत सिचाईको अध्ययन अनुसन्धान गरिनेछ। सम्पूर्ण भूभागलाई सिंचित गरि उत्पादन बढाउन एकीकृत सिचाई योजना तर्जुमा गरिनेछ।

७९. घर नक्सा पासलाई व्यवस्थित गरि सडक सतहबाट माथि निर्माण हुने गरि घरतलाको संख्या निश्चित तुल्याउन थप कडाई गरिनेछ।

८०. सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनिक जमिनको लगत लिई संरक्षणमा जोड दिनका साथै सार्वजनिक जमिन मिचेर बनाइएका संरचना हटाइनेछ।

८१. अमरगढी नगरपालिकालाई Hill city को रुपमा विकास गरिनेछ। **एक भवन दुई विरुवा** रोपी हरियाली शहरमा जोड दिइनेछ।

८२. अव्यवस्थित बसोबासलाई व्यवस्थित गरि बढ्दो शहरिकरणलाई उचित व्यवस्थापन गरिनेछ।

८३. नेपाल सरकार र दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने शहरी पूर्वाधारहरु जस्तै रंगशाला, सभागृह, धार्मिक तथा पर्यटकिय पूर्वाधार, प्राविधिक शिक्षालय, सपिगं कम्प्लेक्स, ल्याण्डफिल्ड साईड, सिटि हल निर्माणमा पहल गरिने छ।

८४. नगरपालिका भित्रका ग्रामिण क्षेत्रसम्म गुणस्तरीय इन्टरनेट सेवा विस्तारमा पहल गरि सूचना प्रविधिमा सबै नागरिकको पहुँचलाई सुलभ बनाइनेछ।

८५. सार्वजनिक महत्वका स्थानमा सौर्यबत्ती जडान गर्ने तथा सडक सौर्यबत्ती विस्तार गरिनेछ।

८६. बढ्दो वन विनासको नियन्त्रण र भू-संरक्षणमा  जोड दिई वन उद्यानमा जोड दिइनेछ।

८७. बढ्दो जलवायु परिवर्तनबारे नगरवासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनिकरणमा जोड दिदै वातावरणमैत्री विकासको नीति अवलम्बन गरिनेछ।

८८. विपद् व्यवस्थापन पूर्व तयारी बारे जानकारी संयन्त्र निर्माण गरि विपद् व्यवस्थापन कार्य योजना निर्माण गरि लागु गरिनेछ।

८९.पुर्वाधार विकास र सेवा प्रवाहका लागि कठिन,छरिएर रहेका र भौगोलिक दृष्ट्रिले असुरक्षित,अपायक एवं जोखिमयुक्त स्थानहरुमा वस्ती हुनु हुदैन/ राखिने छैन भन्ने संघीय सरकार को नीति रहेको हुदा यस्ता वस्ती लाइ शिक्षा, स्वास्थ्य, पुर्वाधार र रोजगारीका अवसर सहितकोआधुनिक एकिकृत सुरक्षित वस्ति विकास गरी स्थानान्तरण गर्ने कार्यमा सहकार्य गरीनेछ।

९०. अतिविपन्न लोपोन्मुख र अति सीमान्तकृत जातजाति समुदाय र शहरी गरिविका लागि सुरक्षित किफायति र वातावरणमैत्री आवास उपलब्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रममा समन्वय र साझेदारी गरिनेछ।

९१. उज्यालो नेपाल निर्माणको कार्य अनुरुप सबै वस्तीहरुमा बिद्युत पहुँच पुर्याउन आवश्यक पहल गरिनेछ।

९२. सिँचाई र कृषिका लागि आवश्यक विद्युत प्राथमिकताका साथ उपलब्ध गराउने गरि विद्युत सेवा विस्तार गरिनेछ।
उपस्थित महानुभावहरु,

९३. सेवा प्रवाहका कार्यहरुमा आधुनिक प्रविधि प्रयोग गरि सुशासन सहितको डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह उत्पादकत्व र उत्पादन अभिबृद्धि गरि आर्थिक सामाजिक रुपान्तरण गर्ने सरकारको नीतिलाई अवलम्बन गरिनेछ
९४. इन्टरनेट सेवा सुलभ सहज र सरल रुपमा उपलब्ध गराउन सेवा प्रदायकहरुको साझेदारीमा पूर्वाधार निर्माण गरि वितरण गर्ने सरकारको नीति मा समन्वय गरिने छ।

९५. वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्यलाई प्राथमिकताका दिइनेछ।

९६. गुनासो सुनुवाईलाई प्रविधिसंग जोड्दै व्यवस्थित गरिनेछ।

९७. सेवालाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, जनतासंग जनप्रतिनिधिको प्रत्यक्ष संवाद, नागरिक वडापत्र र विविध प्रविधिसंग जोड्ने नीतिलाई निरन्तरता दिइने छ।

९८. राजश्व प्रणालीलाई अनलाइन सेवामा जोडी सबै वडाबाट सेवा प्रवाह गरिनेछ।

९९. दीर्घकालिन नगर गुरुयोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।

१००. आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरिक्षण जस्ता व्यवस्थापनका प्रणालीहरुलाई प्रभावकारी बनाइने छ

उपस्थित महानुभावहरु,

१०१. महिला हिंसा तथा ओसारपसारको जोखिम कम गर्न चेतनामुलक कार्यक्रम,सञ्चालन गरिने छ।

१०२. बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति अनुरुप सहकार्य र समन्वयमा बाबु आमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा वेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्दार तथा संरक्षण गर्ने सरकारको नीति लाइ कडाइ का साथ लागु गरिनेछ।

१०३. अपाङ्ग भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आयआर्जनका लागि विशेष कार्यक्रम तर्जुमा गरि सबै निकायसंग समन्वय र साझेदारी गरिने छ।महिलाको सामाजिक-आर्थिकअधिकार हासिल हुने गरि महिला लक्षित कार्यक्रम संचालन गरि नगरका विपन्न र वञ्चितिमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीका अवसर प्रदान गरिनेछ।

१०४. अपाङ्ग, दलित, आदिबासी, जनजाती र असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चितताका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। साथै अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ।

१०५. सामाजिक सुरक्षा कार्यक्रम एकीकृत रुपमा सञ्चालन गरि प्रभावकारी रुपमा अनुगमन गर्नुका साथै सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत् वितरण प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

उपस्थित महानुभावहरु,

१०६. युवाको क्षमता अभिवृद्धिका लागि स्वास्थ्य सचेतना विपद् व्यवस्थापन तथा वातावरण संरक्षण र सरसफाई विरुद्धको सामाजिक जागरण कार्यक्रममा युवा परिचालन गर्न संघ र प्रदेश सरकारसंग सहकार्य गरिने छ।

१०७. क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदमा सहभागि भई पदक प्राप्त गर्न सक्ने गरि खेलाडीको क्षमता विकास गर्न कार्यक्रम तर्जुमा गरिनेछ।

१०८. स्थानीय, प्रादेशिक तथा राष्ट्रियस्तरमा सुविधा सम्पन्न खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने कार्यका लागि पहल गरिने छ।

१०९. युवाहरुको शक्तिलाई नगरको समृद्धिमा उपयोग गर्दै नगरस्तरिय प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ।

११०. सामुदायिक बिद्यालयका खेल मैदानको स्तरोन्नति गरिनेछ। युवाहरुको बढ्दो खेल प्रतिको आकर्षणलाई मध्यनजर गरि विभिन्न खेलकुद गतिविधि सञ्चालन गर्ने नीति लिइनेछ।

१११. भजनपुर क्रिकेट मैदान, उग्रतारा रंगशाला, रामलिला खेल मैदान, खेताखोला खेल मैदानको निर्माण कार्य प्राथिमकताका साथ अगाडी बढाइने छ ।

उपस्थित महानुभावहरु,

११२. विधिको शासन,नतिजामुखी व्यवस्थापन र जवाफदेहिता जस्ता असल शासनका मुलभुत मान्यतालाई अबलम्बन गरिनेछ।

११३. कार्यसम्पादन सम्झौतालाई नतिजा सूचकमा आधारित गराई थप प्रभावकारी बनाइनेछ ।

११४. कर्मचारीको क्षमता एवं दक्षता अभिवृद्धि को लागी आवश्यक तालिमकको व्यवस्था गरिनेछ ।

११५. भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अबलम्बन गरीनेछ। अनुसन्धान र छानविन कार्यलाइ थप सशक्त बनाइ भ्रष्ट्राचार, अपचलन, अनियमितता सरकारी सम्पत्ति को अनाधिकृत प्रयोग गर्ने जो सुकैलाई कानुनी कारबाही को दायरा ल्याइनेछ ।

११६. **म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न र म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्ने सरकारको नीतिलाई पूर्ण पालना गरिनेछ ।

११७. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद कार्यमा सुशासन कायम गरिने छ ।

११८. स्थानीय न्यायिक समितिको कार्य सम्पादनलाई छिटो छरितो बनाई सहज पहुँच युक्त बनाइनेछ ।

११९. हिंसा पीडित महिला, अपाङ्ग भएका व्यक्ति, दलित, वालवालिका र जेष्ठ नागरिकको न्यायमा पँहुच पुर्याउन विशेष पहल गरिनेछ ।

उपस्थित महानुभावहरु,

१२०. प्रस्तुत नीति तथा कार्यक्रम को सफल कार्यान्वयनबाट देश तथा नगरको आर्थिक, सामाजिक क्षेत्र थप गतिशील हुनेछ। पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनुका साथै **समृद्द नगर: सुखी नगरवासी**को आकाँक्षा पुरा गर्न योगदान पुग्नेछ भन्ने मैले बिश्वास लिएको छु ।

१२१. यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षबाट सकृय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

१२२ .अन्त्यमा, नगरको समग्र विकासमा योगदान गर्ने नगरवासीहरु, वुद्दीजिवी, राष्ट्रसेवक, नागरिक समाज, निजी, सहकारी र सामुदायिक क्षेत्र एवं संचार जगतलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

विश्वेश्वरप्रसाद ओझा

नगर प्रमुख

अमरगढी नगरपालिका, डडेल्धुरा

मिति २०७७।०३।१०